gadhawagaunpalika@gmail.com
krishisakha.gadhawa@gmail.com
फोन नं. ०८२-४१०००४

गढवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

गढवा, दाङ्ग
लुम्बिनी प्रदेश नेपाल

प.सं. २०८०/०८१

मिति:- २०८०/०६/२६ गते

## करार खेती कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशन मिति २०८०/०६/२६ गते

गढवा गाउँपालिकाको आ.व.२०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत करार खेतीमा अनुदान कार्यक्रम रहेकोले इच्छुक कृषि सहकारी/ कृषक समूह/ कृषि फर्म तथा कृषकहरुले आवश्यक कागजात सहितको सूचना कार्यालयबाट प्रकाशन भएको मितिले ७ दिन (२०८०/०७/०३ गते) भित्र निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी आवश्यक कागजात " गढवा गाउँपालिका करार खेती कार्यक्रम सञ्चालन कार्यविधी २०७९ " को अनुसूची ३ , मापदण्ड अनुसूची २ र अनुसूची ४ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।साथै थप जानकारीका लागि गढवा गाँउपालिका कृषि विकास शाखामा संम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

बोधार्थः

१. श्री गढवा गाँउपालिका आर्थिक प्रशासन शाखा
२. श्री सूचना तथा प्रविधि शाखा, वेवसाईट तथा फेसवुक पेजमा अपलोड गरिदिनुहुन ।
३. श्री सवै वडा कार्यालयहरु सूचना, टाँस गरी सहजीकरण गरिदिनु हुन ।

*(थप जानकारीका लागि गढवा गाँउपालिका कृषि विकास शाखाको सम्पर्क नं. ९८५८०७१२२०, ९८५७८४१६७७, ९८६४५७७४३६२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।)*

कर्ताराम यादव
कृषि विकास शाखा
(छाप: कर्ता राम यादव, शाखा प्रमुख)

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत
(छाप: अम्मर राज शर्मा, प्रमुख प्रशासकीय अधिकृत)
२०८०/०६/२६

## अनुसुची -२

(दफा ४ को उपदफा )९सँग स (म्बन्धित(

**करार खेती कार्यक्रममा सहभागी हुँदा आवश्यक मापदण्डहरु**

(१) गढवा गाउँपालिकामा दर्ता भएको व्यावसायिलाई प्राथमिकता दिईने छ।

(२) भाडामा लिईने जग्गा सरकारी, सार्वजनिक, गुठी वा विद्यालय वा संस्था बाँझो जग्गा कुनैपनि हुन सक्ने छ तर प्रस्तावको मुल्यांकन गर्दा भाडामा लिइएको जग्गालाई निम्न प्राथमिकता अनुसार मुल्याङ्कन गरिनेछ ।

पहिलो प्राथमिकता : सरकारी, गुठी, विद्यालय, अन्य संस्थानको स्वामित्वमा रहेका जग्गा

दोस्रो प्राथमिकता : अनुपस्थित जग्गाधनीहरुको बाँझो जग्गा

तेस्रो प्राथमिकता : अनुपस्थित/ उपस्थित जग्गाधनीको खेती भैरहेको जग्गा

(३) एक वर्षिय बाली लगाउने भए कम्तिमा ५ वर्षको र फलफुल वा स्थायी संरचना खडा गरी खेती गर्ने अवस्था भएमा कम्तिमा १५ वर्षको कृषक र जग्गाधनी बिचको जग्गा करारनामा हुनु पर्नेछ ।

(४) भूमिहिन, सुकुम्वासी, मुक्त कमैया, वेरोजगार युवा तथा अन्य विपन्न कृषकहरुलाई भाडामा लिने /दिने जग्गा (कम्तिमा १० कठ्ठा) मा सकेसम्म एकै क्लष्टरमा हुनुपर्नेछ र सो जग्गा एक वा एक भन्दा बढी व्यक्ति वा संस्था फार्मको स्वामित्वमा रहेको हुन सक्नेछ ।

(५) यसरी जग्गा भाडामा लिई खेती गर्ने कृषक/समूह/फार्मलाई गढवा गाउँपालिकाले पहिलो वर्ष १००%, दोस्रो वर्ष ७५%, तेस्रो वर्ष ५०% र चौथो वर्ष २५% जग्गा भाडा उपलब्ध गराउनेछ।

(६) यसरी भाडामा लिई खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले पूरा समय अवधि खेती गर्ने प्रतिवद्धता जनाउनु पर्ने र बिचमा सम्झौता तोडिएको अवस्थामा भाडा रकम सम्बन्धित कृषकबाट असूल उपर गर्न सकिनेछ।

(७) करारमा खेती गर्न इच्छुक कृषक वा कृषक समूह वा फार्मले अनुसूची ३ र ४ बमोजिमको ढाँचामा निवेदन र आयोजनाको प्रस्ताव पेश गर्नुपर्नेछ ।

(८) करार खेती गर्न कृषक वा कृषक समूह वा फार्मले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, दर्ता प्रमाण पत्रको प्रतिलिपी, निवेदनसँगै पेश गर्नुपर्नेछ ।

(९) वडा कार्यालयको सिफारिस पत्र समावेश गर्नुपर्नेछ ।

अनुसूची-३

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित

करार खेती कार्यक्रम संचालन सम्बन्धी आवेदन-पत्रको निवेदनको ढाँचा

मितिः ..............

श्री ........................ प्रमुख ज्यू

गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा दाङ।

विषयः करारमा खेती कृषि कार्यक्रमका लागि प्रस्ताव पेश गरेको बारे।

महोदय,

गढवा गाउँपालिकाको मिति..................................मा प्रकाशित सूचना अनुसार मैले/हामीले ....................जग्गा करारमा लिई............................व्यावसायिक कृषि कार्यक्रम संचालन गर्न इच्छुक रहेकोले तपसिल अनुसारका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रम प्राप्त भएमा सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सन्चालन गर्नेछु/गर्नेछौं र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाईएमा विद्यमान कानुन बमोजिम कारवाहीको भागेदारी हुन मन्जुर रहेको व्यहोरा समेत जानकारी गर्दछु/गर्दछौं।

तपसिलः

१. अनुसूची-४ अनुसारको आयोजनाको प्रस्ताव,
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
३. जग्गा धनी र भाडामा लिने कृषक वा कृषक समूह वा फार्म बिचको सम्झौता प्रतिलिपी,
४. जग्गा धनीको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी,
५. खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले सम्झौता अवधिभर खेती गर्ने प्रतिबद्धता पत्र,
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र। भूमिहिन वा गरिब कृषकको हकमा सम्बन्धित वडा कार्यालयको गरिब किसानको सिफारिस पत्र। (५ कठ्ठा भन्दा कम जग्गा भएको वा परिवारका सदस्य मध्य कोही पनि सरकारी वा गैर सरकारी सेवामा नरहेको वा अन्य व्यवसायबाट मासिक १० हजार भन्दा कम आयआर्जन भएको वा गरिब घरधुरी सर्वेक्षणको परिचय पत्रवाहक)

निवेदन दिनेको तर्फबाट
किसान /फार्म /समूहको नामः
टोल सहितको ठेगानाः
दस्तखतः
मितिः
सम्पर्क नं :

अनुसूची-४

(दफा ५ को उपदफा सँग स (३)म्बन्धित(

<u>करार खेती कार्यक्रम संचालन प्रस्ताव ढाँचा</u>

१ आवेदक र (संपर्क व्यक्ती सम्बन्धी विवरण

| | | | |
|---|---|---|---|
| आवेदकको विवरण | | | |
| नाम थर: | | | |
| ठेगाना: | | | |
| नागरिकता नं | | | |
| आवेदकको किसिम )भुमिहिन वा अन्य ( | | | |
| परिवारमा श्रम गर्ने सदस्य संख्या | | | |
| आफूसँग रहेको जमिनको क्षेत्रफल र किसिम | | | |
| परीवारका अन्य सदस्यको वैकल्पिक पेशा र मासिक आम्दानी | | | |
| सम्पर्क नं | | | |
| प्रस्तावित आयोजना स्थल (टोल सहित) | | | |
| भाडामा लिने जग्गाको कुल क्षेत्रफल: | | | |
| भाडामा लिने जग्गाको स्वामित्व (जग्गाधनीको नाम/थर /ठेगाना( | जग्गाको कित्ता नम्बर | क्षेत्रफल | वार्षिक भाडा दर प्रति रोपनी वा कठ्ठा |
| १ | | | |
| २ | | | |
| ३ | | | |

कृषि व्यवसायको जम्मा लागत विवरण :(वर्षभरी)

| | |
|---|---|
| प्रस्तावित आयोजनाको कुल खर्च रकम | जग्गा लागत |
| पुर्वाधार विकास खर्च | |
| भाडा | |

| | |
|---|---|
| उत्पादन सामाग्री | |
| अन्य खर्च | |

जम्मा आम्दानी अनुमानितः

| | |
|---|---|
| पहिलो वर्ष | |
| दोश्रो वर्ष | |
| तेस्रो वर्ष | |
| चौथो वर्ष | |

२ प्रस्तावित आयोजना सम्बन्धमा (

कप्रस्तावित आयोजनाको शिर्षक (/ विषय

खः पृष्ठभुमि (

गः उद्देश्यहरु (

घसामुहिक प्रस्तावको हकमा प्रस्तावित ( आयोजनामा प्रत्यक्ष लाभान्वित हुने घरधुरी संख्या :

ङ :खेती गर्ने वालिको विस्तृत उत्पादन विवरण (

| क्र.सं. | बालि वस्तु | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

चःआवेदकको अनुभव कृषि सम्बन्धी तालिम र शैक्षिक योग्यता (

छ करार खेती कार्यक्रम संचालन पश्चात (

१. लाभान्वित हुने घरधुरी संख्याः

२. वाली वा वस्तुले ढाक्ने क्षेत्रफलः

३. उत्पादन परिमाणः

४. वार्षिक आम्दानी रु.:

५. थप रोजगारी संख्या स्थायी ...............अस्थायी ................

६. यदि अरु केही भए उल्लेख गर्नुहोस्